# विज्ञप्ती

मिति २०७६/१०/१६ मा कालिका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीहरु तथा नगरप्रमुख समेतको तेजोबध गराउने मनसायले कालिका दैनिक नामक अनलाइन पत्रिकामा प्रकाशित कपोकल्पित, भ्रामक र दुराशययुक्त समाचारप्रति गम्भिर ध्यानाकर्षण भएकोछ । प्रचलित कानूनको अधिनमा रही तटस्थरुपमा विकास निर्माण एवं सेवाप्रवाहका कार्य गर्ने राष्ट्रसेवक कर्मचारीको सामाजिक प्रतिष्ठामा आँच पुर्‍याउने र व्यक्तिगत चरित्र हत्या गर्ने दुराशययुक्त मनसायले यस्तो भ्रामक र आधारहीन समाचार प्रकाशसन हुनु दुःखद र आपत्तिजनक छ । म उक्त समाचारमा लगाईएका सम्पुर्ण आरोपहरुको खण्डन गर्दछु एवं आरोप लगाउने व्यक्तिलाई म प्रति लगाईएका त्यस्ता आरोपहरुको पुष्टी गर्न समेत चुनौती दिन चाहन्छु । मैले सरकारी सेवामा रहँदा र कालिका नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्दा कुनै गैरकानूनी लाभ वा मोलाहिजा स्वीकार गरेको छैन र गर्दिन पनि । मैले पदमा रहेर गरेको कामको कानून बमोजिम अधिकारप्राप्त निकायबाट छानवीन भएमा आफूलाई जुनसुकै कसीमा पनि परीक्षण गराउन तयार नै रहनेछु । कानून बमोजिमको विधि र प्रकृयाबाट निष्ठावान भई सर्वसुलभ रुपमा जनतालाई सेवा प्रवाह गर्नु राष्ट्रसेवक कर्मचारीको कर्तव्य हो भन्ने तर्फ म आफू सदैव सचेत रहेको र म मातहतका कर्मचारीलाई समेत सधैं सचेत गराउने गरेको छु । प्रचलित कानूनका प्रावधान विपरित गैरकानूनी रुपमा व्यक्तिगत स्वार्थ पुरा गर्नका लागि मलाई र कालिका नगरपालिकाको कार्यालयलाई प्रभाव वा मोलाहिजामा पार्न नसकेपछि त्यस्ता स्वार्थ पुरा नभएको कुण्ठालाई यसरी राष्ट्रसेवक कर्मचारीको मानमर्दन गर्ने र मनोबल गिराउने गरी प्रयोग नगर्न समेत अनुरोध गर्दछु । ठेक्का व्यवस्थापन सम्बन्धी विषय प्रचलित कानूनबाट व्यवस्थित र नियमन हुने विषय हो कुनै किसिमका दवाव वा पहुँचलाई हेरेर निर्णय गरिने विषय होइन ।नगरपालिकाबाट हुने निर्माणको गुणस्तर र सरकारी कोषको महत्तम उपयोगलाई सुनिश्चित गर्नु कार्यालय प्रमुखको हैसियतले मेरो दायित्व हुन्छ । सरकारी कोषबाट गैरकानूनी र मनमौजी रुपमा खर्च गर्न र भुक्तानी लिने छुट कसैलाई पनि हुँदैन । सबै ठेक्काका सम्बन्धमा प्राप्त हुने गुनासोहरुको कानूनको अधिनमा रही अविलम्ब समाधान गर्न म र कालिका नगरपालिकाका पदाधिकारीहरु सदैव तत्पर रहेकै छौं । यस्ता भ्रामक समाचार सम्प्रेषण गरेर कर्मचारीको मनोबल गिराउने र त्रसित बनाउने र दवाव सिर्जना गरी गैरकानूनीरुपमा लाभ, छुट वा मिनाहा पाउने आसयले यस्ता समाचार प्रकाशन गरिएको हो भने त्यस्तो कुचेष्टा पुरा हुन नसक्ने कुरामा समेत स्पष्ट हुन अनुरोध गर्दछु । साथै यस्ता भ्रामक र कपोकल्पित समाचारबाट बिचलित नहुन र मनोबल कमजोर नपारी कानूनको परिपालना र नागरिकहरुको सेवा प्रवाहमा लाग्न कालिका नगरपालिका र अन्तरगतका सबै राष्ट्रसेवक कर्मचारीहरुप्रति आव्हान गर्दछु ।

०७६।१०।१८

(यज्ञ पुरी)

प्रमुख प्रशासकीय अधिकृत

कालिका नगरपालिका, चितवन